इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कृष्ण प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकी बैठक संख्या :- ७५
बैठक मिति :- २०७६।१२।१०

**निर्णय नं. १**

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा यस इटहरी उपमहानगरपालिका भित्र संक्रमण भित्रन र फैलन नदिन तथा शंकास्पद व्यक्तिहरुको निगरानी र उपचारको व्यवस्था समेत मिलाउनको लागि देहाय अनुसारको समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**(क) नगरस्तरीय समन्वय समिति**

१.नगरप्रमूख - संयोजक
२. उपप्रमूख - सह संयोजक
३. वडाध्यक्षहरु - सदस्य
४. कार्यपालिका सदस्यहरु - सदस्य
५. स्वास्थ्य संस्थाका प्रमूखहरु - सदस्य
६. स्थानीय समाजसेवीहरुबाट मनोनित ५ जना सदस्य - सदस्य
७. रेडक्रसको प्रतिनिधी - सदस्य
८. स्वास्थ्य शाखा प्रमूख - सदस्य सचिव

**(ख) वडास्तरीय समन्वय समिति**

१. सम्बन्धित वडाध्यक्ष - संयोजक
२. सम्बन्धित वडाका जनप्रतिनिधीहरु - सदस्य
३. सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधीहरु - सदस्य
४. सम्बन्धित वडामा रहेका विद्यालयका प्रधानाध्यापकहरु - सदस्य
५. स्थानीय समाजसेवीहरु मध्येबाट वडाबाट मनोनित ५ जना - सदस्य
७. सम्बन्धित वडा कार्यालयको सचिव - सदस्य सचिव

**निर्णय नं. २**

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा यस इटहरी उपमहानगरपालिका भित्र र नगरपालिका बाहिरबाट नगरपालिका भित्रने क्रममा हुन सक्ने सम्भावित क्षेत्रहरु सुरक्षा अपनाउदै स्वास्थ्य सुरक्षा प्रति सम्बेदनशिल हुने वातावरण बनाउन सर्तक रहने बिषयमा देहाय अनुसारको कार्य तत्काल गर्ने निर्णय गरियो ।

**देहाय**

(क) अत्यावश्यक, दैनिक उपभोग्य सामान बाहेकका अन्य पसल तथा बजार आगामी चैत्र २१ गते सम्मका लागि बन्द गरी सेल्फ क्वारेन्टाइनमा बसी महामारी रोकथामको अभियानमा सहयोग गर्न व्यापारी व्यवसायीहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी, नेपाल
प्रदेश नं.१, सुनसरी,
स्था २०७३

कृष्ण प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

(ख) इटहरी उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सिटी सफारीहरुको दैनिक संचालनका लागि जोर, विजोर प्रणाली लागु गरी त्यसको अनुगमनका लागि क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय इटहरीलाई अनुरोध गर्ने निर्णय गरियो ।

(ग) इटहरी उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने साप्ताहिक हाटबजारहरु बन्द गर्ने निर्णय गरियो ।

(घ) क्वारेन्टाइन सेवाका लागि इटहरी ९ स्थित जनता क्रिकेट पार्क, जनता कलेज र सरकारी स्कुलहरुमा नेपाली सेना तथा सशस्त्र प्रहरी सँग समन्वय गरी तत्काल २०० (दुई सय) जना क्षमताको क्वारेन्टाइन सेवा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

राहत तथा उद्धार शिर्षकमा बिनियोजित बजेट मध्येबाट रु.१० लाख बिपद् शिर्षकमा रकमान्तरण गरी हाल महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाइरस) नियन्त्रण तथा रोकथामका लागि खर्च गर्ने र आवश्यकता हेरी नगरप्रमूख स्तरीय निर्णयबाट समेत तत्काल कार्य गर्ने निर्णय गरियो ।